

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ५ गते बिहीबार ❑ 19 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कांग्रेसको अग्रता, एमाले र माओवादी केन्द्र पछ्याउँदै

रासस
काठमाडौं, ४ जेठ

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को जारी मतगणनाको परिणाम आउनेक्रम जारी छ । आज साँझ ८ बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्टि भएअनुसार ४८५ स्थानीय तहको अन्तिम मत परिणाम सार्वजनिक भएको छ।

मुलुकभर ७५३ पालिकाका लागि ३५ हजार २२१ पद छन् । गत वैशाख ३० गते भएको निर्वाचनमा स्थगन भएका १७ जिल्लाका २८ स्थानीय तहका ४४ मतदानस्थल बाहेकका मत परिणाम प्राप्त भइरहेको छ । मतगणना भइरहेका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली कांग्रेसले ६८ मा जीत हासिल गरी ७४ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले) ले ३८ स्थानमा जीत हासिल गरी ३९ स्थानमा अग्रता कायम गरेको छ।

यस्तै नेकपा (माओवादी केन्द्र)ले प्रमुख पदमा १४ स्थानमा जीत र नौ स्थानमा अग्रता कायम गरेको छ । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले सो पदमा तीन स्थानमा जीत र आठ स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले सात स्थानमा विजय हासिल गरी २६ स्थानमा अग्रता कायम गरेका छन् । मतगणना भइरहेका नगरपालिकामध्ये उपप्रमुख पदमा कांग्रेसले ५७ स्थानमा जीत हासिल गरी ४० स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले ४५ स्थानमा जीत हासिल गरी ६० स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपप्रमुख पदमा २१ स्थानमा जीत र ११ स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले सो पदमा पाँच स्थानमा जीत र चारमा अग्रता कायम गरेको छ । अन्यले तीन स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन् । मतगणना भइरहेका गाउँपालिकाको अध्यक्ष पदमा कांग्रेसले १५० स्थानमा जीत हासिल गरी २९ मा अग्रता कायम गरेको छ । सो पदमा एमालेले ९९ स्थानमा जीत हासिल गरी २५ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले अध्यक्ष पदमा ८१ स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले १० स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ। अन्यले १५ स्थानमा विजय हासिल गरी १२ मा अग्रता कायम गरेका छन् । मतगणना भइरहेका गाउँपालिकाको उपाध्यक्ष पदमा कांग्रेसले १४५ स्थानमा जीत हासिल गरी ३४ मा अग्रता कायम गरेको छ । सो पदमा एमालेले ९७ स्थानमा जीत हासिल गरी २७ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले उपाध्यक्षमा ८१ स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ । एकीकृत समाजवादीले १० स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। अन्यले १३ स्थानमा विजय हासिल गरी ११ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका स्थानीय तहका वडाध्यक्षमा कांग्रेसले दुई हजार ८० मा जीत हासिल गरी ६१ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले एक हजार ६०९ मा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले वडाध्यक्षमा ८७९ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ । जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जीत र १२ मा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ४३७ स्थानमा विजय हासिल गरी १२ स्थानमा अग्रता कायम गरेका छन्।

महिला सदस्यमा कांग्रेसले दुई हजार ४६ मा जीत हासिल गरी ५९ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले एक हजार ७४५ स्थानमा जीत हासिल गरी ८३ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले महिला सदस्यमा ८१८ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १७० स्थानमा जीत र १२ स्थानमा अग्रता कायम गरेको छ । अन्यले ३९२ स्थानमा विजय हासिल गरी नौ स्थानमा अग्रता कायम गरेका छन्। दलित महिला सदस्यमा कांग्रेसले एक हजार ९८२ मा जीत हासिल गरी ६३ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले एक हजार ७२७ स्थानमा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले दलित महिला सदस्यमा ८२५ स्थानमा जीत र १४ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जित र १४ स्थानमा अग्रता कायम गरेको छ । अन्यले ३७९ स्थानमा विजय हासिल गरी सात स्थानमा अग्रता कायम गरेका छन्। यस्तै वडा सदस्यमा कांग्रेसले चार हजार १११ मा जीत हासिल गरी ६६ स्थानमा अग्रता कायम गरेको छ । सो पदमा एमालेले तीन हजार ५४५ स्थानमा जीत हासिल गरी ८६ मा अग्रता कायम गरेको छ । माओवादी केन्द्रले वडा सदस्यमा एक हजार ५१८ स्थानमा जीत र १५ मा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ३३९ स्थानमा जित र १३ स्थानमा अग्रता कायम गरेको छ । स्वतन्त्रसहित अन्यले ८०४ स्थानमा विजय हासिल गरी पाँच स्थानमा अग्रता कायम गरेका छन् । विसं २०७४ मा पहिलो चरणमा भएको स्थानीय तहको निर्वाचनका आधारमा यही जेठ ५ गते स्थानीय सरकारका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ।

## पोखरामा गणना ढिलो भएपछि मतगणनास्थल थप

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत कास्कीका पाँच पालिकामध्ये चार गाउँपालिकाको अन्तिम नतिजा सार्वजनिक भएको छ । मादी, रुपा, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाको परिणाम सार्वजनिक भइसक्दा पनि पोखरा महानगरको गणना जारी छ।

वैशाख ३१ गतेबाट पोखराको मतगणना सुरु भएकामा महानगरका ३३ वडामध्ये हालसम्म वडा नं १, २, ४, १२ र २३ को मात्र अन्तिम परिणाम घोषणा भएको छ। वैशाख ३० गते सम्पन्न निर्वाचनमा पोखरा महानगरपालिकामा एक लाख ४३ हजार २२६ मत खसेकामा चार दिनमा ३१ हजार मतमात्र गणना गरिएको छ।

पोखरामा अझै २९ वडाको परिणाम आउन बाँकी छ । मतगणना सुस्तगतिमा भइरहेकाले पोखरा अन्तिम परिणाम आउन अझै लामो समय कुर्नुपर्ने देखिएपछि मुख्य निर्वाचन अधिकृतको कार्यालयले दुईवटा गणनास्थल थप गरेको छ। मुख्य निर्वाचन कार्यालयका सूचना अधिकारी निलप्रसाद पनेरुका अनुसार मङ्गलबार रातिदेखि दुई मतगणनास्थल थप गरिएको हो।

पोखराका गणना अहिले नगर विकास समितिको सभाहल र जिल्ला समन्वयको हलमा छ मतगणनास्थलको १० सर्कलबाट भइरहेकामा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयको भवनमा गणनास्थल थप गरिएको हो। गणनास्थल थपपछि गणना छिटो हुने विश्वास लिइएको छ।

पोखरामा अहिलेसम्म ३१ मतगणना सकिँदा सत्ता गठबन्धनबाट प्रमुखका उम्मेदवार नेकपा (एकीकृत समाजवादी) का धनराज आचार्यले १२ हजार ९४५ मत प्राप्त गर्नुभएको छ भने नेकपा (एमाले)का कृष्णबहादुर थापाको ११ हजार १५० मत छ। यसैगरी उपप्रमुखमा नेपाली कांग्रेसका कोपिला रानाभाटले १३ हजार २३३ मतसहित अग्रता बनाउनुभएको छ । एमालेका मञ्जुदेवी गुरुङको १२ हजार ७२८ मत छ।

## पोखरा वडा १३ मा नेपाली काँग्रेसको प्यानलै विजयी

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ



पोखरा महानगरपालिका वडा नम्बर १३ मा नेपाली काँग्रेसको उम्मेदवारको प्यानलै विजयी भएका छन्।

वडा १३ मा नेपाली काँग्रेसका किरण वराल नेतृत्वको समुह निर्वाचित भएका छन् । केही दिन अगाडि देखी सुरु भएको मतगणनामा बुधवार वडा अध्यक्ष किरणले दुइ हजार नौसय चालीस मत ल्याएर वडाअध्यक्षमा निर्वाचित भएका हुन् । एमालेका बसन्त वराललाई किरणले सात सय ६ मतले पराजीत गरेका हुन् । एमालेका बसन्तले दुइ हजार दुई सय ३४ मत पाएका थिए । त्यसैगरी काँग्रेसवाट महिला सदस्यमा सुचित तमाङले दुइ हजार पाँच सय ४३ मत ल्याएर निर्वाचित भएकी छिन् भने एमालेकी कृष्ण कुमारी गुरुङले दुइ हजार पाँच सय २२ मत प्राप्त गरेकी छिन्।

नेपाली काँग्रेसवाट दलित महिला सदस्यमा रजनी परियारले दुइ हजार छ सय २८ मत ल्याएर निर्वाचित भएकी छिन् भने एमालेकी कमला विकले दुइ हजार तीन सय ५८ मत प्राप्त गरिन्। खुल्ला सदस्यमा नेपाली काँग्रेसवाट बलवहादुर वरालले दुइ हजार चार सय ७० मत ल्याएर निर्वाचित भएका छन् भने एमालेका अमजत अलिमियाँले दुइ हजार दुइसय ८८ मत प्राप्त गरे। त्यसैगसरी खुल्ला सदस्यमा सरिफ अलिमियाँले दुइहजार चार सय २० मत ल्याएर निर्वाचित भए भने एमालेवाट निलकण्ठ सिग्देलले दुइ हजार तीन सय सात मत प्राप्त गरेका नेपाली काँग्रेस वडा १३ इकाइका सचिव सुदिप गुरुङले पोखरापत्रलाइ वताए।

## हरियोखर्क अस्पताल अनुगमनमा मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, ४ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बुधबार पोखराको हरियोखर्क अस्पतालको अनुगमन गरेका छन् । इन्टरनेसनल नेपाल फेलोसिपद्वारा विसं २००९ सालमा पोखरामा स्थापित यो अस्पतालले हाल विशिष्ट सेवा प्रदान गर्दै आएको छ।

मुख्यमन्त्री पोखरेलले ७० वर्ष पहिला कुष्ठरोगको उपचारका लागि खुलेको अस्पतालले निरन्तर सेवा प्रदान गर्दै अहिले शारीरिक असक्तता, कानको समस्या, स्पाइनल कर्ड इन्जुरी जस्ता समस्या भएका बिरामीका क्षेत्रमा उल्लेखनीय काम गर्दै आएकोमा धन्यवाद व्यक्त गरे । हरियोखर्क अस्पतालका बारेमा आफूले धेरै पहिलादेखि नै सुनेको भए पनि यसको इतिहास र हाल गर्दै आएका कामका बारेमा स्थलगतरुपमै जानकारी लिन आफू अनुगमनमा आएको उनले सुनाए। विभिन्न कारणले स्पाइनल कर्डको समस्या भएका बिरामीका क्षेत्रमा प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउन लागेको सुनाउँदै उनले यसका लागि अस्पतालबाट सुझावको अपेक्षा गरेको उनले सुनाए । प्रदेश सरकार विकास निर्माण मात्र नभएर स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा समेत देखिने गरी काम गर्दै आएको सुनाउँदै उनले आगामी वर्षको बजेटमा समेत यस्ता क्षेत्रलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए । उनले भने, 'रगत लिँदा बिरामीका आफन्तले रकम तिर्नु पर्ने अवस्था थियो, हुन त प्राविधिक परीक्षण र अन्यमा खर्च भएको रकम हो त्यो, त्यै पनि अब प्रदेश सरकारले बेहोरिदिने भएको छ।' मृगौलाको बिरामीको निशुल्क डायलासिस गर्ने बारेमा समेत प्रदेश सरकारले योजना बनाइरहेको मुख्यमन्त्री पोखरेलले सुनाए । उक्त अवसरमा भौतिक पूर्वाधार, यातायात व्यवस्था तथा सहरी विकास मन्त्री कुमार खड्काले कुष्ठरोगको उपचारका लागि खुलेको अस्पतालले अहिले विविध क्षेत्रमा पुऱ्याएको सेवाको खुलेरै कदर गरे । अस्पतालको सेवा विस्तारका लागि सहकार्य गर्न प्रदेश सरकार तयार रहेको उनको भनाइ थियो । आइएनएफका कार्यकारी निर्देशक कृष्णबहादुर अधिकारीले पोखरा वाहेक सुर्खेत र नेपालगन्जमा समेत अस्पताल सञ्चालनमा रहेको भन्दै पोखरामा अन्यत्रभन्दा भिन्न र विशिष्टीकृत सेवा प्रदान गर्दै आएको जानकारी गराए। अस्पतालमा उपचार मात्र नभएर जीवन कसरी जिउने भनेर त्यसै अनुसारका तालिम समेत प्रदान गरिने उनले बताए।

अस्पतालका स्थापनादेखि हालसम्मको अवस्थाका बारेमा अस्पतालका निर्देशक डा. अरुणकुमार बुढाले जानकारी गराए। राणा शासनको अन्त्य लगत्तै भारतबाट आएको विशेषज्ञको टोलीले नेपालीको समेत सहभागितामा विसं २००९ सालमा पोखरामा सबैभन्दा पहिला साइनिङ अस्पताल खुलेको थियो । करिब ८५ लाख जनसंख्या र करिब २ प्रतिशत नागरिक कुष्ठरोगको प्रभावमा रहेका बेला पोखरामा साइनिङ अस्पताल खुलेको थियो । डा. बुढाले परिवर्तित अवस्थासँगै सेवा प्रवाहमा समेत विकास गरिएको उनले जानकारी गराए । अपांगता भएकाहरुको लागि कृत्रिम हातखुट्टा बनाउनेदेखि, श्रवणयन्त्रको काम समेत उक्त अस्पतालमा हुने गरेको छ।

१६ वर्षको उमेरमा रुखबाट खसेर ढाड भाँचिएपछि जीवनको आशा मारेकी स्याङ्जा भीरकोटकी पूनम विकले उक्त अवसरमा आफ्नो कथा सुनाइन् । दुर्घटनालगत्तै भारतमा गएर उपचार गराए पनि पूर्णरुपमा निको नहुँदा दिसापिसाव भएको समेत थाहा नहुने अवस्थामा आफू पुगेको उनले सुनाइन् । उनले स्मरण गरिन्, 'दसैंमा टीका लगाइदिँदा समेत आफन्तले यस्तो हुनुभन्दा बरु उतिबेलै मरेको भए मलाई र परिवारवालाई सजिलो हुनेथियो भन्थे, जीवनको आशा थिएन, यो अस्पतालमा आएर उपचार गराएपछि जीवन फेरिएको छ।' पूनम अहिले हरियोखर्क अस्पतालमै जागिरे छन् । अनुगमनमा नीति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्ले, प्रमुख सचिव रवीलाल पन्थ, स्वास्थ्य सचिव डा. श्रीराम तिवारीसहित सहभागी थिए।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मतगणना कार्य थप प्रभावकारी बनाउन आयोगको निर्देशन

**रासस**
**काठमाडौं, ४ जेठ**

निर्वाचन आयोगले मतगणना कार्य सुरु भएको बढीमा पाँच दिनभित्र मतगणना कार्य सम्पन्न गर्न-गराउन निर्देश गरेको छ।

मतगणना कार्यमा सानातिना विषयलाई ठूलो मुद्दा बनाइ विवाद बल्झाउने, गणना कार्य सम्पन्न भई मुचुल्का उठाएर अन्तिम परिणाम घोषणा गर्ने समयमा पुनः गणना गराउन माग गर्नेजस्ता समस्या खडा गर्ने, गणना गर्दै जाँदा मतगणनाको अन्तिम चरणमा पुग्दा झिनो मतान्तर देखिएमा सुरुदेखि नै पुनः मतगणना गराउन खोज्नेजस्ता कार्यबाट मतगणना यथा समयमा सम्पन्न गर्ने कार्यमा व्यवधान उत्पन्न हुने हुँदा त्यस प्रकारका व्यवहार प्रदर्शन नगर्न आयोगले आग्रह गरेको हो।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले आज विज्ञप्ति जारी गरी नेपालको संविधानबमोजिम विभिन्न तहका निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनको समग्र जिम्मेवारी निर्वाचन आयोगमा रहेको र आयोगले निर्वाचन सञ्चालनका सबै प्रक्रियामा आयोगको समग्र जिम्मेवारी रहेको प्रति कुनै द्विविधा नरहेको सन्दर्भमा केही सञ्चारमाध्यममा आएका अन्यथा अर्थ लाग्न सक्ने आशयको समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाउनुभएको छ।

"निर्वाचन पद्धति र प्रक्रियामा भ्रम उत्पन्न हुने खालका समाचार सम्प्रेषण नगर्न नगराउन आयोग आग्रह गर्दछ। तोकिएको जिम्मेवारी समयमै सम्पन्न गर्नका लागि चालिएका कदमउपर अन्यथा टीकाटिप्पणी गरी आयोगको गरिमा र निर्वाचन प्रक्रियाप्रति नै अविश्वास हुने गरी समाचार सम्प्रेषण नगर्न, नगराउन हुन आयोग सबैमा हार्दिक अनुरोध गर्दछ", विज्ञप्तिमा भनिएको छ, "यथासमयमा मतगणना सम्पन्न होस् भन्ने सबैको चाहनालाई विभिन्न मतगणनास्थलमा रहेका राजनीतिक दल, उम्मेदवार, प्रतिनिधि र कर्मचारी वर्गले यथार्थरुपमा ग्रहण गरी उक्त चाहनाबमोजिम छिटो कार्य सम्पादन गराउन आयोग अपिल गर्दछ।" मतदान सञ्चालनकै क्रममा केही पालिकाका केही केन्द्रमा अनपेक्षित अवस्था सिर्जना भई मतदान स्थगन भएकोमा त्यस उपरान्त विभिन्न मितिमा मतदान कार्य सम्पन्न हुँदै गइरहेको छ। वैशाख ३० गते निर्वाचन सम्पन्न भएका पालिकाको मतगणना कार्य प्रारम्भ भई आज मध्याह्नसम्म चार सय ६० पालिकाको अन्तिम परिणाम प्राप्त भइसकेको र अन्यको परिणाम धमाधम आइरहहेको छ। परिणाम आउन बाँकी पालिकामा मतगणना कार्य २०७९ जेठ ५ गतेसम्म सम्पन्न गर्न आयोगका तर्फबाट अधिकतम् प्रयास भइरहेको आयोगले जनाएको छ।

धेरै मत गणना गर्नुपर्ने अवस्था रहेका महानगर र उपमहानगरपालिकाका हकमा बढीभन्दा बढी मत गणना टोली व्यवस्था गरी तोकिएको समयभित्र मतगणना कार्य सम्पन्न गर्नका लागि यसअघि नै आयोगबाट भएको निर्देशनलाई स्मरण गराउँदै आयोगले विभिन्न कारणबाट मतदान स्थगन भएका पालिकाको हकमा मतदान सम्पन्न भएकै दिन मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भइसकेपछि यथाशीघ्र गणना प्रारम्भ गरी बढीमा पाँच दिनभित्र मतगणना कार्य सम्पन्न गर्न-गराउन भनिएको छ।

आयोगको संवैधानिक जिम्मेवारी एवं निष्पक्ष, विश्वसनीय र मितव्ययीरुपमा निर्वाचन सम्पन्न गराउने दायित्व र जिम्मेवारीलाई पूर्णरुपमा सफल पार्नका लागि सबै राजनीतिक दल, उम्मेदवार, आमसञ्चार जगत्, नागरिक समाजलगायत सबै सरोकारवालाको उत्तिकै साथ र सहयोग अपरिहार्य रहेको विज्ञप्तिमा जनाइएको छ। साथै विज्ञप्तिमा विद्यमान कानुनी व्यवस्थाबमोजिम बहालवाला स्थानीय जनप्रतिनिधिको पदावधि यही जेठ ५ गतेसम्म रहेको र तत्पश्चात स्थानीय सरकारमा जनप्रतिनिधिविहीनता हुने अवस्थालाई मध्यनजर गरी जेठ ५ गतेभित्र नै मतगणना सम्पन्न गरी यथाशीघ्र परिणाम प्रकाशन गरी निर्वाचित जनप्रतिनिधिलाई तत्काल कार्यभार सम्हाल्ने अवस्था निर्माण गर्न सम्भव तुल्याउने मनसायले आयोगबाट निर्देशन भएको उल्लेख गरिएको छ।



नवनिर्वाचित अध्यक्ष ओझालाई प्रमाणपत्र प्रदानः स्थानीय तह निर्वाचनअन्तर्गत कास्कीको रुपा गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष नवराज ओझालाई प्रमाणपत्र प्रदान गर्दै निर्वाचन अधिकृत रुद्रप्रसाद सुवेदी। तस्बिरः राधिका कँडेल/रासस

# कृषिलाई औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गरौँः पूर्वप्रधानमन्त्री डा भट्टराई

**रासस**
**पोखरा, ४ जेठ**

पूर्वप्रधानमन्त्री डा बाबुरामभट्टराईलेकृषिअर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रुपान्तरण गरिनुपर्ने बताउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा आव २०७९/८० को लागि विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा भाग लिँदै उहाँले आधुनिकीकरण गर्दै कृषिलाई उद्योगका रुपमा विकास गर्नुपर्ने बताउनुभयो।

"अझै पनि दुई तिहाई जनसङ्ख्या कृषिमा आवद्ध छ, कृषि निर्वाहमुखी भइरहेको छ, कृषिले पर्याप्त रोजगारी सिर्जना गर्न सकेको पनि छैन, विकसित मुलुकमा ५ प्रतिशतभन्दा कम जनसङ्ख्या कृषिमा आवद्ध भएको अवस्था छ, कृषिमा संलग्न जनशक्तिलाई न्यूनीकरण गर्दै लैजानुपर्छ", उहाँले भन्नुभयो, "कृषिमुखी अर्थतन्त्रलाई सेवामुखी अर्थतन्त्रका रुपमा विकास गर्नुपर्छ।" जनता समाजवादी पार्टी नेपालका सङ्घीय परिषद्का अध्यक्ष डा भट्टराईले उच्च आर्थिक वृद्धि हासिल गरी समूचित वितरण प्रणालीको अवलम्बन गर्नुपर्ने बताउनुभयो। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र ठूला पूर्वाधारमा राज्यको दायित्व हुनुपर्नेमा जोड दिँदै उहाँले कृषि, उद्योग, सेवा र पर्यटन निजी क्षेत्रलाई दिइनुपर्ने बताउनुभयो। अर्थतन्त्रको विकासमा देखिएको संरचनात्मक समस्या समाधान गर्न क्रान्तिकारी ढङ्गले सोच्नुपर्ने भन्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले अबका दशक रुपान्तरणकारी नीति लिनुपर्ने बताउनुभयो।

राजनीतिक, प्रशासनिक र कानुनी क्षेत्रमा सुधार गरेर मात्र आर्थिक वृद्धि हासिल गर्न सकिने बताउँदै उहाँले नेपालको संसदीय प्रणालीले राजनीतिक र नीतिगत स्थिरता नदिने भएकाले यसलाई सच्याएर जानुपर्ने बताउनुभयो।

"विकासका आवश्यकताका आधारमा प्रशासनिक संरचना बनाइनुपर्छ, ऐन कानुन र परम्परागत न्याय प्रणालीमा सुधार गर्नुपर्छ, विकास विरोधी न्यायिक संरचना बदल्न आवश्यक छ", पूर्वप्रधानमन्त्री डा भट्टराईले भन्नुभयो। बाह्य परिनिर्भरताका कारण नेपालको अर्थतन्त्र पछाडि परेको भन्दै उहाँले तुलनात्मक लाभका वस्तुको उत्पादनमा ध्यान दिनुपर्ने बताउनुभयो। "आयात र निर्यातको खाडल डरलाग्दो छ, यसलाई नसच्याइ हुँदैन", उहाँले भन्नुभयो, "छिमेकीसँग गम्भीर ढङ्गले कुरा गरेर नेपालले स्पष्ट नीति लिनुपर्छ।"

# स्याङ्जाको चापाकोटमा काँग्रेस वालिङमा एमाले विजयी

**प्रकाश डोटेल**
**स्याङ्जा, ४ जेठ**

स्याङ्जाको चापाकोट नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेपाली काँग्रेसका उम्मेदवार विजयी भएका छन् भने वालिङको प्रमुखमा एमालेका कृष्ण खाँण र उपप्रमुखमा काँग्रेसकी कविता तिवारी विजयी भएका छन्।



चापाकोटको प्रमुखमा काँग्रेसका देव बहादुर खाँण 'ईश्वर' र उपप्रमुख इशा राना विजयी भएका छन्। खाँणले ७ हजार ४९० मत प्राप्त गरी विजयी हुँदा उनका प्रतिद्वन्द्वी नेकपा एमालेका राजु कोइरालाले ६ हजार ५५५ मत प्राप्त गर्दै पराजित भएका छन्। नगरपालिकाको उपप्रमुखमा काँग्रेसकै इशा रानाले ७ हजार ४१३ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी एमालेकी सृष्टि मल्लले ६ हजार ३७६ ल्याउँदा पराजित बन्न पुगिन्।

१० वटा वडा रहेको नगरपालिकाको वडा नं ३, ४, ५, ६ र ८ गरी पाँच वटामा काँग्रस उम्मेदवार अध्यक्ष बन्दा अन्य वडामा एमालेका उम्मेदवारले चुनाबी नतिजा आफ्नो पक्षमा पारे। २०७४ को स्थानीय तह निर्वाचनमा पनि चापाकोटको प्रमुख र उपप्रमुखमा काँग्रस विजयी भएको थियो।

त्यसैगरी वालिङ नगरपालिकाको प्रमुखमा एमालेका कृष्ण खाँण विजयी हुँदा काँग्रेसका दिलीप प्रताप खाँणलाई पराजित बन्न पुगेका छन्। कृष्ण खाँणले १३ हजार ७७६ मत प्राप्त गर्दा दिलिपले ११ हजार ५९६ मत प्राप्त गर्दै पराजित बन्न पुगेका हुन्। त्यसैगरी नगरपालिकाको उपप्रमुखमा नेपाली काँग्रेसकी कविता तिवारी विजयी भएकी छन्। तिवारीले १२ हजार ८२२ मत प्राप्त गर्दा निकटतम प्रतिद्वन्द्वी एमालेकी खगीसरा थापा मगरले १२ हजार ३४० मत प्राप्त गर्दै पराजित भईन्। १४ वडा रहेको नगरपालिकाको वडा नं ३, ४, ६, ७, ८, ९, १२ र १३ गरी आठ वटा वडामा एमालेका अध्यक्षका उम्मेदवारहरु विजयी हुँदा १, २, ५, १०, ११ र १४ गरी छ वटा वडामा काँग्रेस विजयी भएका छन्। जिल्ला ११ स्थानीय तह मध्ये पुतलीबजार, भीरकोट र गल्याङ्ग गरी ३ नगरपालिका र १ अर्जुनचौपारी गाउँपालिकामा काँग्रेसका उम्मेदवार विजयी हुँदा बाकी फेदीखोला, आँधीखोला, बिरुवा, हरिनास र कालीगण्कडी गरी ५ गाउँपालिकामा एमालेका उम्मेदवार विजयी बनेका छन्।

# अर्जुनचौपारीको प्रमुखमा तिवारी र उपप्रमुखमा गुरुङ विजयी

**पोखरापत्र संवाददाता**
**वालिङ, ४ जेठ**

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका प्रकाश तिवारी र उपाध्यक्षमा सपना गुरुङ विजयी हुनुभएको छ।

अध्यक्षमा विजयी हुनुभएका तिवारीले नेकपा (एमाले)का चीनमाया गुरुङलाई एक हजार ९४४ मतान्तरले पछि पार्नुभएको निर्वाचन अधिकृत शुभाकर पौडेलले जानकारी दिनुभयो। तिवारीले पाँच हजार २९१ मत प्राप्त गर्दा गुरुङले तीन हजार ३४७ मत ल्याउनुभयो। विसं २०७४ को स्थानीय तह निर्वाचनमा एमालेबाट गुरुङ उपप्रमुखमा विजयी हुनुभएको थियो। त्यस्तै उपप्रमुखमा कांग्रेसकै सपना गुरुङ विजयी हुनुभएको छ। गुरुङले एमालेका टङ्कप्रसाद खनाललाई एक हजार ६० मतले पराजित गर्नुभएको हो। गुरुङले चार हजार ८२७ मत ल्याउँदा खनालले तीन हजार ७६७ मत प्राप्त गर्नुभयो।

छवटा वडा रहेको अर्जुनचौपारी गाउँपालिकाको १, २, ३, ४, ५ नं वडामा कांग्रेस, वडा नं ६ मा एमाले विजयी भएको निर्वाचन अधिकृत पौडेलले बताउनुभयो। कूल १३ हजार ८६७ मतदाता रहेको अर्जुनचौपारीमा ६५.८१ प्रतिशत मत खसेको थियो। पुरुष चार हजार १९८ र चार हजार ९२८ महिला गरी कूल नौ हजार १२६ मत खसेको थियो।

# रुपा गाउँपालिकाका नवनिर्वाचितलाई प्रमाणपत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ जेठ**

कास्कीको रुपा गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्यलाई प्रमाणपत्र प्रदान गरिएको छ।

नवर्विाचित अध्यक्ष नवराज ओझा, उपाध्यक्ष लालसुब्बा गुरुङलगायतलाई एक कार्यक्रमका बीच निर्वाचन अधिकृत रुद्र सुवेदीले प्रमाणपत्र प्रदान गर्नुभएको हो। नवनिर्वाचित अध्यक्ष ओझा र उपाध्यक्ष गुरुङ नेकपा एमालेका तर्फबाट उम्मेदवार हुनुहुन्थ्यो। दुवै जना गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा दोहोरिनुभएको हो। अध्यक्षमा ओझाले पाँच हजार ७४९ मत ल्याएर विजयी बन्नुभयो। उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका गिमायाँ गुरुङले चार हजार १३७ मत ल्याउनुभएको थियो। त्यस्तै उपाध्यक्षमा गुरुङले पाँच हजार ४४५ मत ल्याएर निर्वाचित बन्नुभयो भने उहाँका प्रतिस्पर्धी कांग्रेसका उपाध्यक्ष पदका उम्मेदवार नारायण श्रेष्ठले चार हजार १५३ मत ल्याउनुभयो। रुपा गाउँपालिकाको सात वडामध्ये पाँचमा एमालेले जितेको छ भने दुई वटामा नेपाली कांग्रेसले जितेको छ। रुपा गाउँपालिकामा १४ हजार ६७५ मतदाता रहेकामा १० हजार ३४४ मत खसेको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।

– वी. पी. कोइराला

## सम्पादकीय

# दुईदिन बिदा कार्यान्वयनमा समस्या

सरकारले इन्धनको बचत गर्ने भन्दै सातामा दुईदिन बिदा दिने निर्णय कार्यान्वयनमा आएको छ । २०७९ जेठ १ गतेदेखि कार्यान्वयन भएको छ । सरकारले इन्धनको खपत कम गर्न यस्तो निर्णयमा पुगेको हो । विद्युत, पानी, सरसफाइ, यातायात जस्ता शीर्षकमा सरकारी खर्च १६ देखि २० प्रतिशत घट्ने सरकारको दावी छ । यो निर्णय पछि कार्य घण्टामा असर नपर्ने सरकारको निष्कर्ष छ । गृह मन्त्रालयले शनिबार र आइतबार सार्वजनिक बिदा दिने, सोमबारदेखि शुक्रबारसम्म कार्यालय समय बिहान ९:३० देखि अपरान्ह ५:३० बजेसम्म निर्धारण गरेको छ । सरकारी कार्यालय विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्मको अभ्यासलाई बिहान ९.३० बजे हाजिर भइसक्ने र ५.३० बजे छुट्टी हुने अभ्यासमा आउन सेवाग्राही पनि जानकार हुनुपर्छ ।विहान आधा घण्टा ढिला र छुट्टी हुँदा आधा घण्टा पहिल्यै हिड्ने बानी छायसैगरी, कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म कार्यालय समय बिहान ९:३० बजेदेखि अपरान्ह ४:३० बजेसम्म रहनेछ । जाडोको बेला पालना हुन मुस्किल छ ।

सातामा दुई दिन बिदा हुने निर्णय लागू गर्नु अघि सरकारी कर्मचारीले आइतबारदेखि बिहीबारसम्म १० बजेदेखि ५ बजेसम्म (दैनिक ७ घण्टा र शुक्रबार १० बजे देखि ३ बजेसम्म ५ घण्टा) गरी सातामा ४० घण्टा काम गर्दै आएका थिए। साताभर हुने कार्य अवधि उही हुने भएकोले पाँच दिनमा कर्मचारीले पूर्ण जिम्मेवार भएर काम गरेमा यो निर्णय वैज्ञानिक र प्रभावकारी हुने सरकारको दावी छ। सरकारले दुई दिन बिदा दिने प्रस्ताव बनाउन कार्यदल नै गठन गरेको थियो। कार्यदलको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७/७८ को बजेटको अनुमानका आधारमा दुई दिन सार्वजनिक बिदा दिए १ अर्ब ६४ करोड ९१ लाख रुपैयाँ सार्वजनिक खर्च बचत हुन्छा यो बचत इन्धन, विद्युत, पानी, सरसफाइ र यातायातको क्षेत्रमा हुने कार्यदलको ठहर छ। साथै कार्यदलले हप्तामा ४० घण्टा काम गर्न ६ दिन कार्यालय आउनुलाई अनुत्पादक भनेको छा सरकारले जनतालाई दिने सेवालाई पैसामा दाँज्न मिल्दैन ।

६ दिनमा ४० घण्टा लगाएर काम गर्नु भन्दा ५ दिनमा ४० घण्टा लगाएर गर्दा बढी उत्पादकत्व र कम खर्चिलो हुने बताइएको छ । नेपाली मानसिकता सरकारी काम कहिले जाला घाम भन्ने छासरासर जनतालाई ढाँट्ने काम बाहेक केही हुनेछैन । सरकारले बिदा दिने निर्णय गरेसँगै सेवाप्रवाहमा असर नपरोस् भनेर सट्टा बिदाको व्यवस्था मिलाएको छ । गृह मन्त्रालयले हालै सार्वजनिक बिदाका दिनमा सेवा प्रदान गर्ने कर्मचारीलाई सट्टा बिदा उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रालयका अनुसार हप्तामा दुई दिन बिदा दिने सम्बन्धमा कर्मचारीको व्यवस्थापन गर्न यस्तो बिदा दिन लागिएको छ ।

यसरी हप्ताको दुई दिन बिदा दिदा दशैं र तिहारका सार्वजनिक बिदा बाहेक अन्य बिदा लगातार दुई दिनभन्दा बढी भएमा सार्वजनिक सेवा प्रवाह गर्ने विभिन्न सपरकारी संस्था र स्थानीय तहले तेस्रो दिनदेखि गृह मन्त्रालयले समय निर्धारण गरे बमोजिम सेवा प्रवाहको व्यवस्था मिलाउने गृह मन्त्रालयले समान ब्यवहार गर्ने जनाएको छ । सार्वजनिक सेवा प्रवाह गर्ने अस्पताल र स्वास्थ्य चौकी, रोपवे, टेलिफोन, प्रहरी, विद्युत, खानेपानी, अध्यागमन, वारुणयन्त्र, टङकसार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, कन्सुलर सेवा, राहदानी सेवा, हुलाक, जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय, सीमा प्रशासन कार्यालय, बैंकिङ सेवा, आन्तरिक राजस्व, भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय, भन्सार कार्यालय र स्थानीय तहमा यो नियम लागू हुनेछ । यो नियम लागू भएपछि के कस्तो असर देखिन्छ भन्ने चाहिँ केही महिनाको परीक्षण पछि मात्र थाहा हुन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : मन चञ्चल |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जैमिनी नगरप्रमुखमा जनमोर्चाका पुन र उपप्रमुखमा कांग्रेसका शर्मा विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ जेठ**

बागलुङको जैमिनी नगरपालिकाको नगरप्रमुखमा सत्तारुढ पाँचदलीय गठबन्धनका साझा उम्मेदवार राष्ट्रिय जनमोर्चाका नरबहादुर पुन विजयी हुनुभएको छ।

पुनले आठ हजार ७५५ मत प्राप्त गर्नुभएको छ। नगरप्रमुखका उम्मेदवार नेकपा (एमाले)का लीला रानाले दुई हजार ८७३ मत प्राप्त गर्नुभएको छ। पुनले रानालाई पाँच हजार ८८२ मतको फराकिलो अन्तरले पराजित गर्नुभएको छ। नगरउपप्रमुखमा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका हरिहर शर्माले विजयी हुनुभएको छ। शर्माले नौ हजार १७३ मत प्राप्त गर्दा एमलेका उषा पौडेलले दुई हजार ६३६ मत प्राप्त गर्नुभएको छ। नगरपालिकाको वडा नं १ को अध्यक्षमा कांग्रेसका विष्णुप्रसाद आचार्य, २ मा ले एक हजार २०४, २ मा प्रेम सापकोटा विजयी हुनुभएको छ। वडा नं ३ को अध्यक्षमा नेकपा (माओवादी केन्द्र)का कृष्णबहादुर भुजेल, वडा नं ४ मा नेकपा (एकीकृत समाजवादी)का चक्रबहादुर थापा, ५ मा कांग्रेसका ठगबहादुर क्षेत्री, वडा नं ६ मा माओवादी केन्द्रका कृष्ण थापा, वडा नं ७ मा कांग्रेसका केन्द्र रसाइली, वडा नं ८ मा विमल श्रीष, वडा नं ९ मा एमालेका सन्दीप थापा र वडा नं १० मा राष्ट्रिय जनमोर्चाका श्रीप्रसाद थापा विजयी हुनुभएको छ।

# तनहुँका सात पालिका र ५२ वडाको मतपरिणाम सार्वजनिक

**पोखरापत्र संवाददाता**
**दमौली, ४ जेठ**

स्थानीय तह निर्वाचनअन्तर्गत मङ्गलबारसम्म तनहुँका सातवटा पालिका र ५१ वडाको मतपरिणाम सार्वजनिक भएको छ।

मतगणना सार्वजनिक भएका सात पालिकामध्ये नेकपा (एमाले)ले चार, नेपाली कांग्रेसले दुई र नेकपा (माओवादी केन्द्र)ले एक पालिका जितेका छन्। त्यस्तै मतपरिणाम सार्वजनिक भएका ५२ वडामध्ये एमालेले २२, कांग्रेसले २४ र माओवादीले छ वडामा जित हासिल गरेका छन्।

शुक्लागण्डकी नगरपालिका र भानु नगरपालिकाको मतगणना जारी छ। व्यास नगरपालिकाको भने आज दुईवटा मतदान केन्द्रमा पुनः मतदान भएपछि मात्रै मतगणना गर्ने तयारी छ। एमालेले घिरिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, म्याग्दे गाउँपालिकाको अध्यक्ष जितेको छ। एमालेले भिमाद नगरपालिकाको प्रमुख र उपप्रमुखमा विजय हासिल गरेको छ। त्यस्तै एमालेले बन्दीपुर गाउँपालिकाको अध्यक्ष जितेको छ। नेपाली कांग्रेसले ऋषिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, देवघाट गाउँपालिकाको अध्यक्ष, म्याग्दे गाउँपालिकाको उपाध्यक्ष र बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष जितेको छ भने माओवादी केन्द्रले आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा देवघाट गाउँपालिकाको उपाध्यक्ष जितेको छ। घिरिङ गाउँपालिकाको अध्यक्षमा होमबहादुर थापा, उपाध्यक्षमा राधादेवी अधिकारी, म्याग्दे गाउँपालिकाको अध्यक्षमा श्रीप्रसाद श्रेष्ठ विजयी हुनुभएको छ। भिमाद नगरपालिकाको प्रमुखमा दधिराज सुवेदी र उपप्रमुखमा शारदा खनाल विजयी हुनुभएको छ।

देवघाट गाउँपालिकाको अध्यक्षमा तिलबहादुर थापा, म्याग्दे गाउँपालिकाको उपाध्यक्षमा बालकृष्ण घिमिरे विजयी हुनुभएको छ। त्यस्तै देवघाट गाउँपालिकाको उपाध्यक्षमा पञ्चमाया गुरुङ विजयी हुनुभएको छ। आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष शुक्र चुमान, उपाध्यक्षमा दुर्गा अर्याल र देवघाट गाउँपालिकाको उपाध्यक्षमा भुवनसिं गुरुङ विजयी हुनुभएको छ।

ऋषिङ गाउँपालिकाको अध्यक्षमा राजेन्द्रकृष्ण श्रेष्ठ र उपाध्यक्षमा गिनुमाया थापा विजयी हुनुभएको छ। एमालेले म्याग्दे-१, म्याग्दे-३, म्याग्दे-७, बन्दीपुर-१, बन्दीपुर-४, बन्दीपुर-६, घिरिङ-२, घिरिङ-३, घिरिङ-४, देवघाट-१, देवघाट-४, भिमाद-२, भिमाद-३ मा, भिमाद-७, भिमाद-८, भिमाद-९, भानु-२, शुक्लागण्डकी-५, शुक्लागण्डकी-६, शुक्लागण्डकी-८ र आँबुखैरेनी-६ को वडाध्यक्ष जितेको छ।

कांग्रेसले भिमाद-१, भिमाद-४, भिमाद-६, म्याग्दे-२, म्याग्दे-४, म्याग्दे-५, म्याग्दे-६, ऋषिङ-२, ऋषिङ-३, ऋषिङ-४, ऋषिङ-५, ऋषिङ-६, घिरिङ-१, शुक्लागण्डकी-१, शुक्लागण्डकी-२, शुक्लागण्डकी-३, शुक्लागण्डकी-४, देवघाट-२, देवघाट-५, आँबुखैरेनी-३, आँबुखैरेनी-४, भानु-१, भानु-१२ र बन्दीपुर-३ को वडाध्यक्ष जितेको छ।

माओवादी केन्द्रले आँबुखैरेनी-१, आँबुखैरेनी-२, ऋषिङ-१, बन्दीपुर-२, बन्दीपुर-५ र आँबुखैरेनी-५ को वडाध्यक्ष जितेको छ। स्वतन्त्र उम्मेदवारले भानु-१३, ऋषिङ-७ र ऋषिङ-८ को वडाध्यक्ष जितेको छ।

# स्थानीय तह निर्वाचन: १९६ पालिका जित्दै कांग्रेस पहिलो स्थानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ जेठ**

स्थानीय तह सदस्य निर्वाचनअन्तर्गत हालसम्म नेपाली कांग्रेसले १९६ पालिकामा विजयी भएको छ।

बुधबार मध्यान्ह १२ बजेसम्म सार्वजनिक परिणामअनुसार कांग्रेसले ५६ नगरपालिकाको प्रमुख र १४० गाउँपालिकाको अध्यक्ष जितेको छ। जारी मतगणनामा कांग्रेस ६० नगरपालिका र ४२ गाउँपालिकामा अग्रस्थानमा छ। कांग्रेसले ४८ उपप्रमुख र १३९ उपाध्यक्ष जितेको छ। नेकपा (एमाले)ले २९ नगर र ९१ गाउँपालिकामा जित हासिल गरेको छ। एमाले ४५ नगरपालिका र ३० गाउँपालिकामा अग्रस्थानमा छ। एमाले ३३ उपप्रमुख र ८९ उपाध्यक्षमा विजयी भएको छ।

नेकपा (माओवादी केन्द्र) ११ नगरपालिका र ७४ गाउँपालिका गरी ८५ स्थानमा विजयी भएको छ। माओवादी केन्द्र १३ नगरपालिका र १४ गाउँपालिकामा अग्रस्थानमा छ। हालसम्म माओवादीले १६ उपप्रमुख र ७७ उपाध्यक्ष जितेको छ। नेकपा (एकीकृत समाजवादी) ले दुई नगर पालिकामा जित हासिल गरेको छ। आठ स्थानमा समाजवादी अगाडि रहेको निर्वाचन आयोगले जनाएको छ। जनता समाजवादी पार्टी नेपालले पाँच गाउँपालिकाको अध्यक्षमा विजयी भएको छ।

# निर्वाचनमा लापरबाही गर्ने कर्मचारीको विवरण माग

**रासस**
**काठमाडौं, ४ जेठ**

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा निर्देशिकाविपरीत कार्य गर्ने मतदान अधिकृत तथा अन्य कर्मचारीको विवरण माग गरेको छ।

आयोगले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ तथा स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८ का व्यवस्थाको प्रतिकूल हुनेगरी मतपत्रमा दस्तखत नगरी मतदातालाई दिने, अर्धकट्टीसहित मतपत्र दिने, अर्धकट्टीमा दस्तखत नगराउने, स्ट्याम्प प्याडको सट्टामा अर्के मसी प्रयोग गराउने, मतपत्र र मतदाताको सही विवरण तयार नगर्ने, मतपत्रमा मतसङ्केत गर्न रबरको स्वस्तिक छाप दिनुपर्नेमा पित्तलको स्वस्तिक छाप दिने, सही किसिमले मुचुल्का तयार नगर्ने जस्ता काम गर्ने कर्मचारीको विवरण मागेको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बुधबार जारी गर्नुभएको विज्ञप्तिमा सुरक्षण सिल सही ढङ्गले नलगाउने, पोलबुकमा स्पष्ट विवरण नराख्ने, मतदाता नामावली विवरणमा स्पष्ट रेजा नलगाउने, मतगणना गर्दा आएको सङ्ख्या र कम्प्युटरमा प्रविष्ट सङ्ख्या फरक पार्ने, मतगणना सम्पन्न भएपछि घोषणा गर्न ढिलाइ गर्ने, स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८ विपरीत मतपत्र सदर वा बदरको निर्णय गर्ने आदि गम्भीर प्रकृतिका गल्ती गरेको देखिएको उल्लेख छ।

मतदान कार्यमा खटिएका जिम्मेवार मतदान अधिकृतबाट भएका त्यस प्रकारका गल्तीले निर्वाचनमा विवाद उत्पन्न भई निर्वाचन अवरुद्ध हुने, स्थगित हुने र मतगणनासमेत प्रभावित हुने भइरहेको हुँदा यस प्रकारका गम्भीर त्रुटि/गल्ती गर्ने मतदान अधिकृत र संलग्न अन्य कर्मचारीको नाम, थर, पद, कार्यरत कार्यालयको नाम र ठेगाना, कर्मचारी सङ्केत नं, खटिएको मतदान केन्द्रको नाम र ठेगाना खुलाई आयोगमा पठाउन सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिएको छ।

# देवघाटका नवनिर्वाचित अध्यक्षद्वारा शपथग्रहण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ जेठ**

देवघाट गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष तिलबहादुर थापाले शपथग्रहण गर्नुभएको छ । कांग्रेसका तर्फबाट अध्यक्षमा निर्वाचित थापाले मङ्गलबार मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानासमक्ष शपथग्रहण गर्नुभएको हो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयमा नवनिर्वाचित अध्यक्ष थापालाई शपथग्रहण गराइएको थियो । जिल्लाका पालिका प्रमुखलाई न्यायाधीशले शपथग्रहण गराउने र पालिकाका अन्य जनप्रतिनिधिलाई सम्बन्धित पालिकाको प्रमुखले शपथग्रहण गराउने व्यवस्था रहेको छ। कांग्रेस र माओवादी केन्द्रको गठबन्धनबाट थापाले एमालेका दुर्गबहादुर थापालाई पराजित गर्नुभएको थियो । यसैबीच आँबुखैरेनी गाउँपालिकाका नवनिर्वाचित पदाधिकारीलाई प्रमाणपत्र प्रदान गरिएको छ । निर्वाचन अधिकृतको कार्यालयले गाउँपालिकाका अध्यक्ष शुक्र चुमान, उपाध्यक्ष दुर्गा अर्याल, वडाध्यक्षलगायत सदस्यलाई प्रमाणपत्र वितरण गरेको हो ।

# अन्नपूर्णको मतगणना सञ्चालन

**पोखरापत्र संवाददाता**
**बेनी, ४ जेठ**

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको मतगणना कार्य तीन दिनपछि बुधबार दिउँसोदेखि सञ्चालन भएको छ । नेपाली कांग्रेसका उम्मेदवारले वडा नं ३ दानामा खसेको र गणना भएको मत सङ्ख्या फरक परेको भन्दै पुनः मतगणनाको माग गर्दै निवेदन दिएपछि आइतबार दिउँसो १२ बजेदेखि मतगणना रोकिएको थियो । निर्वाचन आयोगले सोमबारपुनःमतगणनाआवश्यक नदेखिएकाले बाँकी वडाहरूको मतगणना सञ्चालन गराउन निर्वाचन अधिकृतको कार्यालय र सुरक्षा व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको थियो । जिल्ला र पालिकास्तरमा राजनीतिक दल र उम्मेदवारसहितको सर्वदलीय, सर्वपक्षीय बैठक बसेर बुधबार दिउँसो १ बजेदेखि मतगणना सुरु गरिएको सहायक निर्वाचन अधिकृत सुरणप्रसाद शर्मा पौडेलले बताए ।

# शुक्लागण्डकीको प्रमुखमा कांग्रेस, उपप्रमुखमा माओवादी विजयी

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ जेठ**

शुक्लागण्डकी नगरपालिकाको प्रमुख र उपप्रमुखमा गठबन्धनले जीत हासिल गरेको छ। नगरप्रमुखमा नेपाली कांग्रेस र उपप्रमुखमा नेकपा (माओवादी) केन्द्रका उम्मेदवारले विजय हासिल गरेका हुन् ।

नगरप्रमुखमा कांग्रेसका कृष्णराज पण्डित १२ हजार २६३ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ । प्रतिस्पर्धी नेकपा एमालेका मुक्तिनाथ तिमिल्सिनाले नौ हजार ८४० मत प्राप्त गर्नुभयो ।

उपप्रमुखमा माओवादीका खुमबहादुर विक १० हजार २६२ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ। प्रतिस्पर्धी नेकपा एमालेका फूलमाया थापाले नौ हजार ९५७ मत प्राप्त गर्नुभएको छ। ३८ हजार ३१५ मतदाता रहेको नगरपालिकाको निर्वाचनमा २५ हजार ९९७ मत खसेको थियो । बाह्र वडा रहेको शुक्लागण्डकीमा नेपाली कांग्रेसले नं १, २, ३, ४, ७, नेकपा एमालेले ५, ६, ८, ९, ११, १२ र नेकपा माओवादी केन्द्रले वडा नं १० जितेको छ।

# बागलुङको काठेखोला अध्यक्षमा कांग्रेसका थापा विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ जेठ**

बागलुङको काठेखोला गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका राजु थापा निर्वाचित हुनुभएको छ । सत्ता गठबन्धनका साझा उम्मेदवार थापाले सात हजार ७५० मत प्राप्त गर्नुभयो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका दिलबहादुर कार्कीले छ हजार ३८३ मत प्राप्त गर्नुभयो । उपाध्यक्षमा राष्ट्रिय जनमोर्चाका तेजबहादुर थापा तिलक निर्वाचित हुनुभयो । उहाँले छ हजार ७१२ मत प्राप्त गर्दा उहाँका प्रतिद्वन्द्वी एमालेका कोपिला पुनले छ हजार ४४७ मत पाउनुभयो । काठेखोला गाउँपालिकामा कांग्रेसले चार, नेकपा एमालेले तीन र राजमोले एक वडा जितेका छन् ।

# व्यास-८ रिस्तीमा आज पुनः मतदान

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ जेठ**

तनहुँको व्यास नगरपालिका-८ स्थित रिस्तीमा आज पुनः मतदान हुने भएको छ। पुनः मतदान कार्यको सम्पूर्ण तयारी पूरा भएको निर्वाचन कार्यालय तनहुँले जनाएको छ।

गत वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा व्यास नगरपालिकाका प्रमुख उम्मेदवार दीपकराज जोशीमाथि आक्रमण भएपछि निर्वाचन आयोगले रद्द गरेको मतदान हुन लागेको हो ।

पुनः मतदान कार्यको सम्पूर्ण तयारी पूरा भएको निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार गाविस भवन फेदी मतदान (क) र (ख) मा मतदान अधिकृत नियुक्त गरेर परिचालन गरिसकिएको छ । (क) मतदान केन्द्रमा सात सय ५६ र (ख) मतदान केन्द्रमा आठ सय २० मतदाता रहेका छन् ।

पुनः मतदान कार्यालई सुरक्षित बनाउन सुरक्षा व्यवस्था चुस्त बनाइएको बताइएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँले मतदान केन्द्रमा अनधिकृत व्यक्तिलाई प्रवेश निषेध गरेको छ ।

# बागलुङ नगरप्रमुखमा श्रेष्ठ र उपप्रमुखमा राजु खड्का विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ जेठ**

स्थानीय तहको निर्वाचनमा बागलुङ नगरपालिकाको प्रमुखमा कांग्रेसका वसन्तकुमार श्रेष्ठ विजयी हुनुभएको छ।

श्रेष्ठले निवर्तमान नगरप्रमुख जनकराज पौडेललाई पाँच हजार ८२१ मतको फराकिलो अन्तरले पराजित गर्नुभयो। अन्तिम मत परिणामअनुसार श्रेष्ठले १४ हजार ६७८ मत पाउनुभएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेका जनकराज पौडेलले आठ हजार ८२१ मत पाउनुभयो। गत स्थानीय निर्वाचनमा श्रेष्ठ पौडेलसँगै दुई हजार ३०० मतान्तरले पराजित हुनुभएको थियो।

दोस्रोपटकको आमने-सामनेमा श्रेष्ठले बाजी मार्नुभयो। उपप्रमुखमा नेकपा (माओवादी केन्द्र)का राजु खड्का १२ हजार ४२७ मत ल्याएर विजयी हुनुभयो। उहाँका निकटतम प्रतिद्वन्द्वी राप्रपाका सञ्जय खड्काले आठ हजार ६४ मत पाउनुभयो। बागलुङ नगरका १४ वटा वडामध्ये ११ वटामा गठबन्धनको तर्फबाट विजयी हुनुभयो। वडा नं १, ३, ८, ९, ११, १३ र १४ वडा कांग्रेसले, वडा नं २ र १० नेकपा (एकीकृत समाजवादी)ले, वडा नं ४ माओवादी केन्द्रले र वडा नं १२ मा स्वतन्त्र उम्मेदवार निर्वाचित हुनुभयो। वडा नं ५, ६ र ७ भने एमाले निर्वाचित भएको छ।

# मुस्ताङको चार पालिकामा एमाले र एकमा कांग्रेस विजयी

**रासस**
**म्याग्दी, ४ जेठ**

मुस्ताङका चार स्थानीय तहमा एमाले र एकमा नेपाली कांग्रेसले जितेका छन्।

पाँचवटा गाउँपालिका रहेको मुस्ताङको लोमान्थाङमा अध्यक्षमा एमालेका टसी नर्बु गुरुङ र उपाध्यक्षमा एमालेकै छ्युमी विष्ट निर्वाचित हुनुभएको छ। यसैगरी लो-घेकर दामोदरकुण्डमा एमालकै लोप्साङ छोम्पेल (राजु) विष्ट अध्यक्षमा र एमालेकै छिरिङ ल्हामो गुरुङ उपाध्यक्षमा विजयी भएका छन्। त्यस्तै बारागुङ मुक्तिक्षेत्रको अध्यक्षमा एमालेका रिनजिङ नामगेल गुरुङ र उपाध्यक्षमा पनि एमालेकै ढिकी गुरुङ तथा थासाङको अध्यक्षमा एमालेको प्रदीप गौचन निर्वाचित हुनुभएको छ।

त्यस्तै घरपफोङको अध्यक्षमा नेपाली कांग्रेसका मोहनसिंह लालचन र उपाध्यक्षमा कांग्रेसकै जमुना थकाली निर्वाचित हुनुभएको छ। जिल्लाभर १३५ पदमध्ये एमालेले ९७, कांग्रेसले २४, माओवादीले दुई, राप्रपाले दुई र नेकपा एकीकृत समाजवादीले एक सिट जितेका छन्। उम्मेदवारी नपरेपछि दलित महिला सदस्यको नौ पद रिक्त भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। एमालेबाट लोमान्थाङको वडा नम्बर २ मा कर्म नामग्याल गुरुङ, ३ मा आङजेन गुरुङ, ४ मा छिरिङ धिण्डु गुरुङ, लोघेकर दामोदरकुण्डको १ मा टै धुन्दु ठकुरी, २ मा थुक्तेन छिरिङ गुरुङ, ३ मा भ्याङ तेन्जिङ गुरुङ, ४ मा भ्याङ छेसा गुरुङ, ५ मा पासाङ गुरुङ, बारागुङ मुक्तिक्षेत्र १ मा प्रमेश गुरुङ, ३ मा विनोद गुरुङ, ५ मा सुरेन्द्र गुरुङ, घरपफोङ ३ मा फलेन्द्रप्रसाद थकाली, ५ मा प्रदीप थकाली र थासाङ २ मा गौतम शेरचन वडा अध्यक्षमा निर्वाचित हुनुभएको छ। कांग्रेसबाट लोमान्थाङ १ मा पेमा आङ्ग्या गुरुङ, ५ मा ढुकके विष्ट, बारागुङ मुक्तिक्षेत्र २ मा न्होरु गुरुङ, ४ मा कर्म घ्याचो गुरुङ, घरपफोङ १ मा आशबहादुर थकाली, २ मा मनबहादुर हीराचन, ४ मा यामप्रसाद थकाली, थासाङ १ मा सुरेश थकाली, ३ मा हरिप्रसाद गौचन, ४ मा नरेन्द्र शेरचन र ५ मा रुपेश तुलाचन वडाध्यक्षमा निर्वाचित हुनुभएको छ।

१३५ पदमा २२६ जना चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए। एकल उम्मेदवारी परेको लोघेकर दामोदरकुण्ड र घरपफोङ गाउँपालिकाको तीन/तीन वटा वडाका जनप्रतिनिधि निर्विरोध भएका थिए। कूल दश हजार ४८५ जना मतदातामध्ये सात हजार ५५७ अथवा ७२.०७ प्रतिशत मत खसेको थियो।

# भूमे पूजामा लिङ्गो जुधाउने प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ जेठ**

म्याग्दीको रघुगङ्गा गाउँपालिका–४ दग्नाममा भूमे पूजाको अवसरमा मङ्गलबार लिङ्गो जुधाउने प्रतियोगिता भएको छ।

हरेक वर्षको जेठ महिनामा मनाइने भूमे पूजाको अवसरमा आयोजना गरिएको लिङ्गो जुधाउने प्रतियोगितामा विगतमा झैं गैरी गाउँ र कान्छी गाउँबाट अग्ला लिङ्गो जुधाउँदा यो वर्ष कान्छी गाउँ विजयी भएको छ। करिब चार सयवर्ष पुरानो इतिहास बोकेको मानिने लिङ्गो जुधाउने कार्यक्रमलाई यो वर्ष पनि दग्नामवासीले निरन्तरता दिएका हुन्। विशेष गरी प्रकृति पूजाको रुपमा चिनिने भूमे देवतालाई खुसी बनाउन दग्नाममा दुई गाउँबीच लिङ्गो जुधाउने गरिन्छ। दग्नामको भूमे पूजाको मुख्य आकर्षणको रुपमा रहेको लिङ्गो जुधाउने प्रतिस्पर्धामा दग्नामको गैरी गाउँ र कान्छी गाउँले सहभागिता जनाउँदै आएका छन्। प्रकृतिको पूजास्वरुप मङ्गलबार दग्नाममा भूमे पूजा पर्वको अवसरमा दुई गाउँका स्थानीयवासीले मुल्का डाँडामा ध्वजापतकाले सिंगारिएको बाँसको लिङ्गो प्रतिस्पर्धा गराएको एकता क्लब दग्नामका अध्यक्ष आर्मिन पुर्जाले बताउनुभयो।

उहाँले भूमे पूजाको दोस्रो दिन पुख्यौली नृत्य तेस्रो दिन सांस्कृतिक कार्यक्रम र त्यस पश्चात विविध खेलकूद कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो। दग्नाम गाउँदेखि माथि शिरमा रहेको डाँडामा निकै रोचक तवरले आयोजित लिङ्गो जुधाइको अवलोकनका लागि गाउँदेखि टाढा तथा प्रवासमा रहेका दग्नामवासीलगायत अन्य छिमेकीगाउँका सर्वसाधारणको समेत बाक्लो उपस्थिति रहेको थियो। स्थानीय पुर्ख्यौली गित, नृत्य, पञ्चेबाजाको रमाइलो उत्सवकाबीच स्थानीयवासीले बिहान भूमे देवताको पूजा गरेपछि दिउँसो भूमे देवतालाई खुसी बनाउनका लागि लिङ्गो जुधाएको जनता मावि दग्नामका प्रधानध्यापक गुन पुनले जानकारी दिनुभयो। "यो हाम्रो संस्कृति हो, यसले दग्नामको पहिचान बोकेको छ, परम्परादेखि चल्दै आएको लिङ्गो जुधाउने प्रतियोगितालाई निरन्तरता दिन हामी लागिरहन्छौं", उहाँले भन्नुभयो, "पछिल्लो समय भने रमाइलो, खुसियाली र भावनात्मक प्रतिस्पर्धाको रुपमा लिङ्गो जुधाउने गरिएको छ।"

जेठा भूमेको रुपमा चिनिने भएकाले दग्नामवासीले हरेक वर्षको जेठ महिनामा वर्षभरिको खेतीबाली राम्रो होस्, बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको सिर्जना नहोस्, स्थानीयवासीको सु-स्वास्थ्यको कामना गर्दै पूर्खौदेखि भूमे देवताको पूजा गर्दै आएका छन्।

# स्याङ्जामा गणना सकियो, ६ मा एमाले, ५ मा कांग्रेस विजयी

**रासस**
**वालिङ, ४ जेठ**

स्याङ्जाका ११ वटै पालिकाको अन्तिम नतिजा सार्वजनिक भएको छ। पाँच नगरपालिका र छ गाउँपालिका रहेको स्याङ्जाका चार नगरपालिका र एक गाउँपालिकामा कांग्रेस तथा चार गाउँपालिका र एक नगरपालिकाको प्रमुखमा एमाले विजयी भएका छन्।

पुतलीबजार, गल्याङ, भिरकोट र चापाकोट नगरपालिकाको प्रमुख/उपप्रमुख तथा अर्जुनचौपारी गाउँपालिकाको अध्यक्ष उपाध्यक्षमा नेपाली कांग्रेस विजयी भएको हो। त्यस्तै कालीगण्डकी, आँधीखोला, बिरुवा, हरिनाश, फेदीखोला गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष तथा वालिङ नगरपालिकाका प्रमुखमा नेकपा एमाले र उपप्रमुखमा कांग्रेसकी कविता तिवारी गैह्रे विजयी हुनुभएको हो।

गाउँपालिकामा एमाले बलियो र नगरपालिकामा कांग्रेस बलियो देखिन्छ। यसअघि नेकपा (एमाले)ले प्रमुख, उपप्रमुखसहित बहुमतवडाध्यक्षजितेकोपुतलीबजार नगरपालिकाको प्रमुख/उपप्रमुख यसपटक नेपाली कांग्रेसले जितेको छ।

नेपाली कांग्रेसका तुल्सीराम रेग्मी प्रमुखमा र देवी अर्याल उपप्रमुखमा विजयी हुनुभएको हो। विसं २०७४ मा नेकपा एमालेले जितेको गल्याङ नगरपालिकामा यसपटक नेपाली कांग्रेसले प्रमुख/उपप्रमुखमा जितेको हो। गल्याङमा नेपाली कांग्रेसका तर्फबाट गुरुप्रसाद भट्टराईले नौ हजार २९ मत ल्याएर नगर प्रमुखमा विजयी हुनुभयो भने उहाँका प्रतिस्पर्धी नेकपा एमालेका सूर्यप्रसाद गैह्रे पासले आठ हजार ९२२ मत ल्याउनुभयो। त्यस्तै नगर उपप्रमुखमा हेमा न्यौपाने नौ हजार ११८ मतसहित विजयी हुँदा प्रतिस्पर्धी देवीसरा थापाले नौ हजार ५५ मत प्राप्त गर्नुभयो। त्यस्तै भिरकोट नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेसका गोविन्दबहादुर कर्माचार्य छ हजार ५०४ मतसहित विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी विश्वनाथ अर्यालले पाँच हजार ६६९ मत ल्याउनुभयो।

उपप्रमुखमा नेपाली कांग्रेसकै भगवती अर्याल सात हजार १९७ मत ल्याएर विजयी हुँदा उहाँकी प्रतिस्पर्धी सरस्वती अधिकारीले चार हजार ९२८ मत प्राप्त गर्नुभयो। भिरकोटमा कूल ४७ सिटमा नेपाली कांग्रेसले ४६ सिटमा जितेको थियो। चापाकोट नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेसका देवबहादुर खाँण (ईश्वर) सात हजार ४९० मतसहित विजयी हुनुभएको छ।

उहाँले नेकपा एमालेका राजु कोइरालालाई पराजित गरी विजयी हुनुभएको हो। कोइरालाले छ हजार ५५५ मत ल्याउनुभयो। उपप्रमुखमा नेपाली कांग्रेसकै इशा राना सात हजार ४१३ मतसहित विजयी हुँदा नेकपा एमालेकी सृष्टी मल्लले छ हजार ३७६ मत प्राप्त गर्नुभयो। त्यस्तै वालिङ नगरपालिकामा नेपाली कांग्रेसले उपप्रमुख जितेको छ। उपप्रमुखमा कांग्रेसकी कविता तिवारी गैह्रेले १२ हजार ८२२ मत ल्याएर विजयी हुनुभएको हो। उहाँकी प्रतिस्पर्धी नेकपा एमालेकी खगिसरा थापाले १२ हजार ३४० मत प्राप्त गर्नुभयो। थापा २०७४ को निर्वाचनमा पनि उपप्रमुखमै पराजित हुनुभएको थियो। अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका प्रकाश तिवारीले पाँच हजार २९१ मत ल्याएर विजयी हुँदै गर्दा उहाँकी प्रतिस्पर्धी चीनमाया गुरुङले तीन हजार ३४७ मत ल्याउनुभयो। उपाध्यक्षमा कांग्रेसकै सपना गुरुङ चार हजार ८२७ मत ल्याएर विजयी हुनुभयो। उहाँलाई पछ्याउँदै नेकपा एमालेका टङ्कप्रसाद खनालले तीन हजार ७६७ मत ल्याउनुभयो। वालिङ नगरपालिकाको प्रमुखमा नेकपा एमालेका कृष्ण खाँण विजयी हुनुभएको छ। उहाँ नेपाली कांग्रेसका दिलीपप्रताप खाँणलाई पराजित गर्दै नगर प्रमुखमा विजयी हुनुभएको हो। विजयी खाँणले १३ हजार ७७६ मत ल्याउनुभयो भने पराजित खाँणले ११ हजार ९९६ मत प्राप्त गर्नुभयो।

कालीगण्डकी गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका खिमबहादुर थापा चार हजार ७६९ मतसहित विजयी हुनुभयो भने उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसकी माया रानाले पाँच हजार ५५ मत प्राप्त गर्नुभयो। उपाध्यक्षमा एमालेकै सावित्रा कोइराला छ हजार २२३ मतसहित विजयी हुनुभएको हो।

कोइरालालाई पछ्याउँदै जनमुक्ति पार्टीका बमबहादुर लामिछानेले चार हजार ८३९ मत ल्याउनुभयो। त्यस्तै आँधीखोला गाउँपालिकाको अध्यक्षमा एमालेका विश्व पौडेलले पाँच हजार १७७ मत ल्याएर विजयी हुँदा नेपाली कांग्रेसका कमलप्रसाद पौडेलले चार हजार ३५१ मत ल्याउनुभयो। उपाध्यक्षमा एमालेकै सीता थापाले पाँच हजार २७३ मतसहित विजयी हुनुभयो भने उहाँलाई पछ्याउँदै एकीकृत समाजवादीका रामप्रसाद पौडेलले तीन हजार ८१७ मत प्राप्त गर्नुभयो।

बिरुवा गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका सूर्य कुँवरले चार हजार ८७२ मत ल्याउनुभयो। उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका डोलराज पोखरेलले चार हजार ७४६ मत प्राप्त गर्नुभयो। उपाध्यक्षमा नेकपा एमालेकै भगवती शर्माले चार हजार ९३७ मतसहित विजयी हुँदा माओवादी केन्द्रका थमबहादुर गुरुङले तीन हजार ६७६ मत प्राप्त गर्नुभयो। हरिनाश गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका खिमनारायण मानन्धरले चार हजार ७६९ मत ल्याएर विजयी हुँदै गर्दा उहाँलाई पछ्याउँदै नेपाली कांग्रेसका टोपबहादुर भुजेलले चार हजार ७३२ मत प्राप्त गर्नुभयो। उहाँहरूबीच ३७ मतान्तर छ। त्यस्तै उपाध्यक्षमा पनि एमालेकै इन्द्रकुमारी राना विजयी हुनुभयो। विजयी रानाले चार हजार ७४० मत प्राप्त गर्नुभयो भने प्रतिस्पर्धी माओवादी केन्द्रकी मिठु लम्सालले चार हजार ७१६ मत ल्याउनुभयो। उहाँहरूबीचमा पनि २४ मतको फरक छ।

फेदीखोला गाउँपालिकाको अध्यक्षमा घनश्याम सुवेदी तीन हजार ८३६ मत ल्याएर विजयी हुनुभयो। प्रतिस्पर्धी लक्ष्मीप्रसाद बरालले तीन हजार ७०४ मत प्राप्त गर्नुभयो। उपाध्यक्षमा एमालेकै देउकुमारी गुरुङ तीन हजार ९७८ मत ल्याएर विजयी हुँदा माओवादी केन्द्रका शिवप्रसाद सुवेदीले दुई हजार ३७९ मत ल्याउनुभयो।

# बागलुङका दुई पालिकामा जनमोर्चाको जित

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ जेठ**

राष्ट्रिय जनमोर्चा (राजमो) यहाँका दुई स्थानीय तहमा विजयी बनेको छ।

गठबन्धनबाट उम्मेदवार बन्नुभएका राजमोका नरबहादुर पुन जैमिनी नगरपालिकाको प्रमुख र कृष्णप्रसाद शर्मा बरेङ गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभएको हो।

विसं २०७४ को स्थानीय तह चुनावमा कांग्रेसका उम्मेदवारसँग पराजित हुनुभएका पुन यो पटकको चुनावमा नेकपा (एमाले)का उम्मेदवारलाई भारी मतान्तरले पछि पार्दै प्रमुखमा विजयी बन्नुभएको हो। पुनले आठ हजार ७५५ मत ल्याउनुभएको थियो भने उहाँका निकटतम प्रतिस्पर्धी एमालेका लीला रानाले जम्मा दुई हजार ८७३ मत प्राप्त गर्नुभएको थियो।

यस्तै बरेङको अध्यक्षमा विजयी राजमोका शर्माले तीन हजार ६०१ मत प्राप्त गरी एमालेका प्रदीप थापालाई पराजित गर्नुभएको हो। थापाले जम्मा दुई हजार २३२ मत ल्याउनुभएको थियो।

जैमिनीको उपप्रमुख र बरेङको उपाध्यक्षमा भने नेपाली कांग्रेस विजयी बनेको छ। विसं २०७४ को चुनावमा बरेङमा मात्र विजयी बनेको राजमो अहिलेको चुनावमा भने गठबन्धनको बलमा दुई पालिका जित्न सफल भएको छ। मतगणना जारी रहेका काठेखोला र बडिगाड गाउँपालिकाको उपाध्यक्षमा पनि राजमोका उम्मेदवारको अग्रता छ। अहिलेसम्म जिल्लाका आठ स्थानीय तहको अन्तिम मत परिणाम आइसकेको छ। नेपाली कांग्रेस चार, राजमो दुई, माओवादी केन्द्र एक र एमाले एक स्थानमा विजयी बनेको छ।

मतगणना चलिरहेको काठेखोला र बडिगाड गाउँपालिकाको अध्यक्षमा पनि कांग्रेसकै उम्मेदवारको अग्रता छ। विसं २०७४ को चुनावमा यी दुवै गाउँपालिकामा एमाले विजयी बनेको थियो।

# पर्वतमा जीप र बस ठोक्किँदा जीप चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ जेठ**

पर्वतको कुश्मा नगरपालिका–८ चुवा स्थित परादीमा जीप र बस ठोक्किएर भएको दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा जीपचालक बागलुङको काठेखोला गाउँपालिका–७ का ३१ वर्षीय लालबहादुर थापा मगर रहेका छन्। दुर्घटनामा परी १३ जना घाइते भएका छन्। घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर छ। उनीहरूलाई थप उपचारका लागि पोखरा पठाइएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। अन्य १० जनाको जिल्ला अस्पताल पर्वतमा उपचार भइरहेको छ। बागलुङबाट पोखराका लागि छुटेको ग१ज ७२५६ नम्बरको टाटासुमो र पोखराबाट कुश्माका लागि छुटेको ग१ख ५२१८ नम्बरको बस ठोक्किँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय पर्वतका सूचना अधिकारी प्रहरी निरीक्षक राजेन्द्र अधिकारीले बताउनुभयो। जीप सडकबाट हुत्तिएर सडक बाहिरको नालीको भागमा पुगेको छ। केही घाइतेलाई जीपभित्रै च्यापिएको अवस्थामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले उद्धार गरेका थिए।

अहिले उपचार नै चलिरहेका कारण सबै घाइतेको पहिचान खुलिनसकेको प्रहरी निरीक्षक अधिकारीले बताउनुभयो। ट्राफिक प्रहरी नारायण श्रेष्ठका अनुसार बस गलत दिशाबाट गुडेको प्रारम्भिक अनुसन्धानमा देखिएको छ।

# भरतपुरमा दाहालको अन्तर फराकिलो बन्दै

**रासस**
**चितवन, ४ जेठ**

भरतपुर महानगरपालिकाको प्रमुख पदमा जारी मतगणनामा पाँच दलीय गठबन्धनकी उम्मेदवार रेणु दाहालले मतान्तरलाई फराकिलो बनाउँदै लानुभएको छ। भरतपुर महानगरपालिका–७ र ८ को मत गणनाका क्रममा दाहालले दुई हजार मतले अग्रता लिनुभएको हो। दाहालले ११ हजार ९० मत प्राप्त गर्दा नेकपा एमालेका विजय सुवेदीले नौ हजार ९० मत प्राप्त गर्नुभएको छ। स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेलले चार हजार ९५८ मत प्राप्त गर्नुभएको छ। उपप्रमुखमा नेपाली कांग्रेसका चित्रसेन अधिकारीले १३ हजार २४५ र राप्रपाका हिमला गुरुङले सात हजार ३७१ मत प्राप्त गर्नुभएको छ। गणना भइरहेका वडाहरूमा वडाध्यक्षमा समेत गठबन्धनका उम्मेदवारहरू अग्रस्थानमा रहेका छन्। वडा नं ७ मा गठबन्धनका तर्फबाट नेकपा एकीकृत समाजवादीका राजेन्द्रमण काफ्ले ९७४ र नेकपा एमालेका सनतकुमार लामिछानेले ८६२ मत प्राप्त गर्नुभएको छ। यस्तै वडा नं ८ मा गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार जीवनाथ कँडेलले १९४ मत र नेकपा एमालेका तिलकबहादुर दर्लामी मगरले १५७ मत प्राप्त गर्नुभएको छ। यसअघि महानगरको वडा नं १, २, ४, ५ र ६ को वडाध्यक्षमा गठबन्धनबाट कांग्रेसका उम्मेदवार निर्वाचित हुनुभएको छ भने वडा नं ३ मा नेकपा एमालेका उम्मेदवार निर्वाचित हुनुभएको छ।

# निर्वाचनमा लापरबाही गर्ने कर्मचारीको विवरण माग

**रासस**
**काठमाडौं, ४ जेठ**

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा निर्देशिकाविपरीत कार्य गर्ने मतदान अधिकृत तथा अन्य कर्मचारीको विवरण माग गरेको छ।

आयोगले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ तथा स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८ का व्यवस्थाको प्रतिकूल हुनेगरी मतपत्रमा दस्तखत नगरी मतदातालाई दिने, अर्धकट्टीसहित मतपत्र दिने, अर्धकट्टीमा दस्तखत नगराउने, स्ट्याम्प प्याडको सट्टामा अर्के मसी प्रयोग गराउने, मतपत्र र मतदाताको सही विवरण तयार नगर्ने, मतपत्रमा मतसङ्केत गर्न रबरको स्वस्तिक छाप दिनुपर्नेमा पित्तलको स्वस्तिक छाप दिने, सही किसिमले मुचुल्का तयार नगर्ने जस्ता काम गर्ने कर्मचारीको विवरण मागेको हो।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आज जारी गर्नुभएको विज्ञप्तिमा सुरक्षण सिल सही ढङ्गले नलगाउने, पोलबुकमा स्पष्ट विवरण नराख्ने, मतदाता नामावली विवरणमा स्पष्ट रेजा नलगाउने, मतगणना गर्दा आएको सङ्ख्या र कम्प्युटरमा प्रविष्ट सङ्ख्या फरक पार्ने, मतगणना सम्पन्न भएपछि घोषणा गर्न ढिलाइ गर्ने, स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८ विपरीत मतपत्र सदर वा बदरको निर्णय गर्ने आदि गम्भीर प्रकृतिका गल्ती गरेको देखिएको उल्लेख छ।

मतदान कार्यमा खटिएका जिम्मेवार मतदान अधिकृतबाट भएका त्यस प्रकारका गल्तीले निर्वाचनमा विवाद उत्पन्न भई निर्वाचन अवरुद्ध हुने, स्थगित हुने र मतगणनासमेत प्रभावित हुने भइरहेको हुँदा यस प्रकारका गम्भीर त्रुटि/गल्ती गर्ने मतदान अधिकृत र संलग्न अन्य कर्मचारीको नाम, थर, पद, कार्यरत कार्यालयको नाम र ठेगाना, कर्मचारी सङ्केत नं, खटिएको मतदान केन्द्रको नाम र ठेगाना खुलाई आयोगमा पठाउन सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिएको छ।